# श्री सत्ती कर्णाली सामुदायिक वन उपभोक्ता समूह

## टीकापुर न.पा.-७ सत्ती कैलाली

## बेत लिलाम विक्री सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित)

यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वन क्षेत्रवाट आ.व. २०७८/०७९ मा वन कार्ययोजना वमोजिम सामुदायिक वन क्षेत्रको व्लक नं. २ वाट तपसिल वमोजिमको संकलन परिमाणको सुख्खा वेत सिलवन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नु पर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भई वन पैदावार संग सम्वन्धि कारोवार गर्ने काष्ठ व्यवसायी/व्यक्ति/फर्म वा कम्पनी /उद्योग ले निम्न शर्तको अधिनमा रहि यो सम्वन्धि सुचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७९/५/१३ गते प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय वा डिभिजन वन कार्यालय पहलमानपुर, कैलाली वाट वोल पत्र खरिद गरी सो वोल पत्र २२ औं दिनको ३:०० वजे भित्र समूहको कार्यालय मा सिलवन्दी वोलपत्र दाखीला गर्न हुन सम्बन्धीत सबैको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं | लट नं. १ | जात | परिणाम के.जि | न्युनतम मूल्य प्रति के.जी.रु. | जम्मा न्युनतम मूल्य | जम्मा संकलन खर्च |
|---|---|---|---|---|---|---|
| १. | आ.व. ०७९/०८० | सुख्खा बेत | ४०,००० के.जि | रु.२७/- | १०,८०,००० | १३,२०,००० |

**शर्तहरु**

१. यो सम्वन्धी सुचना सौर्य दैनीक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र मा मु.अ.क. दर्ता भएका व्यवसायी फर्मले रु.१५००/–(फिर्ता नहुने गरी) तिरी यस सा.व.उ.स.को कार्यालय वा डिभिजन वन कार्यालय पहलमानपुर कैलाली वाट वोलपत्र फारम खरिद गर्न सकिने छ।

२. आफुले सकार गरेको अंकको १० प्रतिशत हुने धरौटी वाफतको रकम सा.व.उ.स. को नाममा रहेको सेन्चुरी कमर्सियल वैक लिमिटेड सत्ती कैलाली को ब.हि.नं.०८५००००२५CA सक्कल भौचर तथा मु.अ.क. मा दर्ता भएको प्रमाण पत्र, व्यवसायीको प्रमाणपत्रको प्रतिलीपी समेत वोलपत्र साथ संलग्न राखी सिलवन्दी वोलपत्र पेश गर्नुपर्ने छ।

३. वोलपत्र खरीद गर्ने अन्तिम दिन वा वोलपत्र दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा क्रमश कार्यालय खोल्ने दिन मा उपरोक्त समयमा नै वोलपत्र विक्री, दर्ता, खोल्ने कार्य हुनेछ।

४. वोलपत्र दाता ले वोलपत्रमा आफ्नो नाम, ठेगाना लेखी दर्खास्त गरी फर्म वा संस्थाको छाप भए सो समेत लगाई खाममा राखी सिलवन्दी गरी खामको बाँया तर्फ आफ्नो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दाँया तर्फ वोलपत्र पेश हुने कार्यालयको नाम, विषय र लट नम्बर उल्लेख गरी वोलपत्र पेश गर्नुपर्ने छ।

CamScanner

.लपत्र पेश गर्दा लटको लागी वोलपत्र फारम भर्नु पर्ने र आफुले सकार गरेको रकम अंक र अक्षरमा दुबैमा स्पष्ट उल्लेख हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलवन्दी वोलपत्रहरु सूचना प्रकाशित भएको मितिले २२ औं दिनको ३:०० बजे भित्र सा.व.उ.स.को कार्यालय मा दर्ता गरि सक्नु पर्नेछ ।

७. निर्धारित म्याद भित्र रित पुर्वक दर्ता हुनआएको वोलपत्र सुचना प्रकाशित भएको मितिले २३ औं दिनको ११:०० बजे वोलपत्र दाता वा निजको प्रतिनीधी नभएमा पनी नियम अनुसार खोलीने छ ।

८. पर्न आएको वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस समूहको कार्य समितिमा निहित रहने छ । म्याद नाघि आएको वा शर्त राखेको र रित नपुगेको वोलपत्र उपर कुनै कारवाहि हुने छैन ।

९. वोलपत्र स्वीकृत भएको सुचना वोलपत्र खोलीएको मितिले बढीमा ७ दिनभित्र यस सा.व.उ.स. को कार्यालयको सुचना पाटिमा टाँस गरिनेछ। यो सुचना टाँस भएको मितिले १५ दिनभित्र सम्बन्धीत सकारकर्ताले सकार रकम जम्मा गर्नुपर्ने छ । तोकिएको म्यादभित्र रकम जम्मा नगरेमा उक्त लटको लागी राखेको धरौटी नियम अनुसार जफत गरि १० प्रतिशत भित्र परेको रकम दाखिला गर्न यो सूचना प्रकाशित गरिने छ । सो को जानकारी सकार कर्ता स्वयमले लिनुपर्ने छ ।

१०. संकलन खर्च बापतको रकम सकार कर्ता स्वयंले व्यहोर्नु प्रर्ने छ ।

११. सकार कर्ताले सकार गरेको रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ.क. तथा संकलन खर्च समेत थप दाखिला गर्नुपर्ने छ ।

१२. अन्य जानकारी का लागि सा.व.उ.स.को कार्यालय मा तथा डिभिजन वन कार्यालय पहलमानपुर कैलाली मा सम्पर्क राख्न सकिने छ ।

१३. वन पैदावार संग सम्बन्धीत फर्म तथा उद्योगहरुको मात्र टेण्डर फारम स्वीकृत हुने छ ।

१४ वोलपत्रदाताले बेत हेर्न चाहेमा उपभोक्ता समूहको हातामा रहेको गोदाम घाटगदीमा हेर्न सकिने छ ।

इति संवत २०७९ साल भाद्र महिना १३गते रोज २ शुभम.............

CamScanner